सम्बत् २०७५ को ऐन नं.- २

पाथिभरा याङवरक गाउँपालिका

# गाउँपालिकाको विनियोजन ऐन,२०७५

गाउँसभाबाट स्वीकृत मितिः–२०७५।०३।३०

पाथीभरा याङबरक गाउँपालिका

थेचम्बू, ताप्लेजुङ

प्रदेश नं १, नेपाल

**पाथीभरा याङवरक गाउँपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनः** पाथीभरा याङवरक गाउँपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम पाथीभरा याङवरक गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "पाथीभरा याङवरक गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

२) यो ऐन सम्बत् २०७५ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्था तथा गैरसरकारी संस्थाको खर्च रकम समेत गरी जम्मा रकम रु ३१२४२६ हजार (अक्षेरुपी एकतीस करोड चौबिस लाख छब्बिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त पाथीभरा याङवरक गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचि–१**

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चित कोषबाट विनियोजन हुने रकम** रु. हजारमा

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | गाउँ कार्यपालिका र वडाहरु समेत | ४४१८१ | १२७७०१५. | | १७१८८२.५ |
| ३ | | विषयगत शाखा | १०५५१० | २६९२२.५ | | १३२४३२.५ |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | - | - | - | - |
| ५ | | लगानी (शेयर\ऋण) | - | - | - | - |
| ६ | | गै.स.स. को योगदान | - | ८१११ | | ८१११ |
| | | **जम्मा** | १४९६९१ | १६२७३५ | | ३१२४२६ |

| आय व्ययको विवरण | | | | |
|---|---|---|---|---|
| आ.व. २०७५\७६ | | | | |
| | | | | रु.हजारमा |
| शीर्षक | शिर्षक | गत आ.व. २०७३\७४ को यथार्थ | चालू आ.व.२०७४\७५ को संशोधित अनुमान | आ.व. २०७५\७६ को अनुमान |
| आयः | | | | |
| राजश्व | | | | |
| आन्तरिक राजश्व | गा.पा. र वडाहरूबाट संकलित | ११३.५०५ | ४२६० | ५१३० |
| राजश्व वाँडफाडबाट प्राप्त रकम | संघिय बिभाज्य कोष | ० | ० | ४४१८१ |
| | प्रदेश बिभाज्य कोष | ० | ० | १२००० |
| | अन्य आय | ० | ० | ० |
| | | | | |
| अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | | |
| नेपाल सरकार | वित्तिय समानिकरण अनुदान | १०००० | १२७९१९ | ९९५०० |
| | सशर्त अनुदान | | १०१३८३ | ११४००० |
| | विषेश अनुदान | ० | ० | ० |
| | समपूरक अनुदान | ० | ० | ० |
| | | | | |
| प्रदेश सरकार | वित्तिय समानिकरण अनुदान | ० | ० | ३३३६ |
| | सशर्त अनुदान | ० | ० | १०००० |
| | विषेश अनुदान | ० | ० | ० |
| | समपूरक अनुदान | ० | ० | ० |
| | | | | |
| जनसहभागिता | नगद जनसहभागिता | ० | ० | ० |
| | श्रम तथा वस्तुगत सहायता | ० | ० | ० |
| अन्य आय | गत वर्षको बैक, नगद मौज्दात | | ४६८५.३०८ | १५६६८ |
| | बेरुजु असुली अनुमान | | | ५०० |
| जम्मा आय | | | | ३०४३१५ |

| | | | | |
|---|---|---|---|---|
| **गैर सरकारी क्षेत्रको योगदान** | | | ५६६८.०६ | ८१११ |
| **कूल जम्मा** | | | २४३९१५.३६८ | ३१२४२६ |
| | | **ब्यय:** | | |
| **चालू खर्च** | गाउँपालिकार वडा समेत | | २४८८३.३ | ४४१८१ |
| | | | | |
| | पशु शाखा | | ९१० | ९१० |
| | कृषि शाखा | | १२१६ | १२१६. |
| | स्वास्थ्य | | १७६३२ | १६८६२ |
| | शिक्षा | | ८१६२५ | ८५३५१ |
| | समाज कल्याण शाखा | | ० | ७६५ |
| | युवा तथा खेलकुद | | | १०० |
| | खानेपानी तथा सरसफाई | | | ५६ |
| | उर्जा | | | २५० |
| | **जम्मा** | | १२६२६६.३ | १४९६९१ |
| **पूँजिगत** | | | | |
| | गाउँपालिका वडाहरु | | ९६३०२.७५ | १२७७०१.५ |
| | पशु शाखा | | ३९१०.२५ | ४५८० |
| | कृषि शाखा | | ५३५४ | ६१८३.५ |
| | स्वास्थ्य | | ० | ३७२० |
| | शिक्षा | | ० | ७६५० |
| | समाज कल्याण शाखा | | ५०० | ५०० |
| | युवा तथा खेलकुद | | ० | १००० |
| | सहकारी | | ० | २०० |
| | घरेलु तथा साना उद्योग | | ० | ६०० |
| | बन | | ३१४ | ४०० |
| | खानेपानी तथा सरसफाई | | ० | ८२४ |
| | भूसंरक्षण शाखा | | ९१५ | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | राष्ट्रिय ग्रामीण तथा नविकरणिय उर्जा | | | ७६५ |
| | गतकोअ.ल्या. | | ४६८५.३०८ | |
| | **जम्मापूजिगत खर्च** | | ११११९८१.३०८ | १५४६२४ |
| **बजेट बचत (+) \ न्युन(-)** | **जम्मा (पूजिगत चालू र पूजिगत)** | | | |
| **गैर सरकारी संस्थाहरू** | सबै NGO हरु | | ५६६८.०६ | ८१११.०० |
| | जम्मा | | २४३९१५.३६८ | ३१२४२६. |
| **वित्तिय व्यवस्था** | | | | |
| **खुद ऋण लगानी** | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँ फिर्ता (+) | | | |
| | **जम्मा** | | | |
| **बजेट वचत (+) \न्युन (-)** | | | | |
| | सेयर लगानी (-) | | | |
| | शेयर विक्रीबाट लगानी फिर्ता प्राप्ति (+) | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| **खुद सेयर लगानी** | ऋण प्राप्ति (+) | | | |
| | | | | |
| **खुद ऋण प्राप्ति** | | | | |
| | | | | |
| | | | | |
| **अन्तिम बजेट वचत(+)\न्युन(-)** | | | २४३९१५.३६८ | ३१२४२६. |